**नेपाली / *NEPALI***

विषय: पोजिटिभ केसहरूको अपडेट, परीक्षण र खोप

*यो सन्देशमा समेटिएको छ*

- *पोजिटिभ केसहरूको अपडेट*
- *परीक्षण*
- *खोप*
- *सहयोग कसरी पाउने*

**पोजिटिभ केसहरूको अपडेट**

गएका केही दिनहरूमा विद्यार्थीको सङ्ख्यामा भएको परीक्षण बढ्नुको साथसाथै पोजिटिभ नतिजाहरू भएको विद्यार्थीको प्रतिशत पनि घटेको देखिएको छ, जुन कुरा उत्साहजनक छ। बढेको केस गणनाको साथसाथै धेरै निवास हलहरूमा विद्यार्थीहरूले नयाँ केसहरू छिटो पत्ता लगाउन सकिन्छ भनेर सुनिश्चित गर्न हरेक एक दिन छोडेर परीक्षण गर्न जारी राखेका छन्।

**हाम्रो समुदायको सबै सदस्य हरूले निरन्तर जनस्वास्थ्य आवश्यकताहरू पालना गर्न; नियमित रूपमा परीक्षण गर्न; दुईवटा (वा बढी) ठीक हुने मास्क; जमघट गर्न छोड्ने र बारम्बार हात धुने कुराहरू अझै महत्त्वपूर्ण छ।**

यदि तपाई यति लामो समयसम्म रहेका यी आवश्यकताहरूसँग थकित महसुस गरिरहनु भएको कुरा हामीले बुझेका छौं - राम्रो खबर यो छ कि रणनीतिहरू छन् जुन जसले तनावमा सहयोग गर्न सक्दछन्। तपाईंले आफ्ना साथीहरू, परिवार र समुदायलाई सुरक्षित राख्नका लागि गर्नुभएका सबै कुराका लागि धन्यबाद !

**परीक्षण**

- क्याम्पसले सोमबार मात्र ११,६०० भन्दा बढी परीक्षणको साथ नयाँ रेकर्ड बनाईरहेको छ। **हामी परीक्षण स्थल र प्रयोगशालाका कर्मचारीहरूले परीक्षण गरेर महान कामको पहिचान गर्न चाहन्छौं, जसमध्ये धेरैजना विद्यार्थीहरू हुन्।** कृपया जब उनीहरूसँग कुराकानी गर्नुहुन्छ तपाईंको प्रशंसा देखाउनुहोला।

- यो बुझ्नको लागि महत्त्वपूर्ण छ कि रोगको कम सङ्क्रमणको साथ जनसङ्ख्यामा गरिएको कुनै पनि जाँच गर्ने परीक्षणले केही गलत पोजिटिभ नतिजाहरू दिनेछन्। ***COVID-19* को *PCR* परीक्षण सङ्क्रमणको लागि एकदम विशेष उपलब्ध परीक्षण हो जसले गलत पोजिटिभ नतिजाहरू सकेसम्म कम देखाउँदछ।** थुकमा आधारित र नाकबाट नमूना निकाल्ने *PCR* परीक्षणहरूको गलत पोजिटिभ दर हरू एकदम कम छन् तर शून्य हुँदैनन्। जनस्वास्थ्यलाई ध्यान दिँदै गलत पोजिटिभ नतिजाहरूलाई कम गर्न हामी अहिले क्याम्पस परीक्षण डाटाको समीक्षा गरीरहेका छौं। ***COVID-19* को सङ्क्रमणलाई रोक्नको लागि तपाईंले पोजिटिभ नतिजालाई गम्भीर रूपमा लिनुपर्दछ र आफैलाई अलग्ग राख्नु पर्दछ; तपाईंका नजिकका सम्पर्कहरू पनि क्वारन्टाइन हुनुपर्दछ।**

- प्रतिक्रिया र स्थल उपयोगको प्रतिक्रियामा, ***Kohl Center* परीक्षण स्थल अब शनिबार** बिहान ८:३० बजे देखि दिउँसो १२:३० सम्म र दिउँसो १:३० बजे देखि ४:३० बजेसम्म खुला रहनेछ। 21 N. Park को परीक्षण स्थल शनिबार बन्द हुनेछन्।

- पर्खने समय दिनभरीमा फरक पर्न सक्दछन्। बिहानीको समयमा प्रायजसो पर्खने समय कम हुँदछन् – बन्द हुने समयमा पर्खने समय बढी हुन सक्दछन् र परीक्षण स्थलहरूले नयाँ व्यक्तिहरूले बन्द हुनु १५ मिनेट अघि लिनेछैनन्। **सम्भव भएसम्म, धेरै परीक्षण स्थलहरूको साथ क्याम्पसको क्षेत्रमा जानुहोस् ताकि तपाईंको *Safer Badgers app* मा हरियो गोलो खोज्न सक्नुहुन्छ र छोटो पर्खने समय छनौट गर्न सक्नुहुन्छ।**

**खोप**

- **जनवरीको शुरूवात देखि, *University Health Services* ले** क्याम्पस समुदायका सदस्यहरूलाई **कुनै शुल्क बिना ८,६०० भन्दा बढी *COVID-19* को खोपहरू प्रदान गरिसकेका छन्। *UHS* ले कर्मचारी र विद्यार्थीलाई खोप लगाउँदा संघीय सरकार र विस्कन्सिन राज्यले प्रदान गरेको योग्यता मार्गदर्शनहरूको पालना गर्न आवश्यक छ।**

- मार्च १ बाट, *Wisconsin Department of Health Services* थप जनसङ्ख्यालाई खोपका लागि योग्य बनाउनेछ। तर, विस्कन्सिनमा र अमेरिकाका बाँकी अधिकांश भागहरूमा **खोपको आपूर्ति सीमित छ** र चाँडै उपलब्ध खोपहरू भन्दा बढी योग्य व्यक्तिहरू योग्य हुनेछन्। **यस सीमित आपूर्तिको कारण, विस्कन्सिनमा अन्य खोप दिनेहरू जस्तै *UHS* ले भर्खरै योग्य सबैलाई खोप प्रस्ताव गर्न सक्षम हुनेछैन।**

- ***UHS* ले क्याम्पसका सबै योग्य सदस्यहरूलाई खोप दिने प्रस्ताव गरेको छ** जसमा भाइरस सार्न सक्षम भएका बिरामीहरूको सम्पर्कमा आउने चिकित्सकहरू र क्लिनिकल भूमिकाका विद्यार्थीहरू र क्याम्पस समुदायका ६५ वर्ष वा बढी उमेरका सक्रिय सदस्यहरू समावेश छन्। *UHS* ले डेन काउन्टीका बासिन्दाहरूलाई खोपहरू दिनेछ र जारी राख्नेछ जुन विश्वविद्यालयसँग सम्बद्ध छैनन् तर जसले पहिलेको योग्यता मापदण्ड पूरा गर्दछ, जसमा ६५ वर्ष वा सो भन्दा बढि उमेरका नागरिकहरू समावेश छन्।

- **खोप आपूर्ति बढ्दै जाँदा, *UHS* ले भर्खरै योग्य हुने थप समूहहरूलाई सम्पर्क गर्ने योजना बनाएको छ,** जसमा *preschool* शिक्षकहरू र व्यक्तिगत रूपका शिक्षण संकाय, कर्मचारी र शिक्षण सहायकहरू समावेश छन्। खोप लगाउने समयको उपलब्धता *UHS* ले राज्यबाट पाउने खोपको मात्रामा आधारित हुनेछ।

- बिहीबार, मार्च ४ दिउँसो क्याम्पस खोपको फोरममा उपस्थित भएर थप जान्नुहोला।

**सहयोग कसरी पाउने**

- **यदि तपाईंसँग** धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका **प्रश्नहरू छन् भने** covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।
- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।